यो आकाशवाणी हो

समाचार पारसमणि दंगालबाट सुन्नुहोस्

06 April 2025

मुख्य समाचार

- विगत दश वर्षमा सरकारले देशको पूर्वाधारलाई सुदृढ पार्न समर्पित प्रयास गरेको प्रधानमन्त्रीले बताउनुभयो
- ऊर्जा, आवास, डिजिटल पूर्वाधार र सांस्कृतिक आदानप्रदानका क्षेत्रमा भारत र श्रीलंकाले गरे सहयोगको घोषणा
- राष्ट्रपति श्रीमती द्रौपदी मुर्मु पोर्तुगल र स्लोभाकियाको भ्रमणमा
- देशभरि आज धार्मिक उत्साह र हर्षोल्लासका साथ रामनवमी पालन, अनि
- आईपीएलमा अहिले हैदराबाद र गुजरातको भिडन्त हुँदै

प्रधानमन्त्रीको तमिलनाडु भ्रमण

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले विगत दश वर्षमा सरकारले देशको पूर्वाधारलाई सुदृढ पार्न समर्पित प्रयास गरेको बताउनु भएको छ।

भर्टिकल लिफ्ट सी ब्रिजको उद्घाटन र ८ हजार तीनसय करोड रुपियाँको लागतका विभिन्न परियोजनाहरूको आधारशीला राखेपछि आज रामेश्वरममा उहाँले भन्नुभयो, तमिलनाडुको विकासले राष्ट्रको विकासमा योगदान पुऱ्याएको छ। उहाँले यी परियोजनाहरू राम नवमीको अवसरमा उपहार हुन् भन्नुभयो।
पूर्व राष्ट्रपति डा. एपीजे अब्दुल कलामलाई उल्लेख गर्दै प्रधानमन्त्रीले भन्नुभयो, उहाँको जीवन विज्ञानसँग आध्यात्मिकताको एकीकरणको प्रतीक हो। श्री मोदीले प्राचीन तमिल संस्कृति र भाषालाई महत्त्वपूर्ण बताउनु भयो। पाम्बन पुल प्रविधि र परम्पराको संयोजनको उदाहरण भएको बताउनु भयो।
भर्टिकल लिफ्ट सी ब्रिजलाई बीसौं शताब्दीको आश्चर्य बताउँदै उहाँले इन्जिनियरहरूलाई बधाई पनि दिनुभयो। यसले व्यापार, पर्यटन र व्यवसायलाई सहज बनाउनेछ र मानिसहरूले रोजगारी पाउनेछन्।

प्रधानमन्त्री श्रीलंका

प्रधानमन्त्री श्री नरेन्द्र मोदी श्रीलंकाको तीन दिने भ्रमण पूरा गरेर आज स्वदेश फर्किनु भएको छ। उहाँको यो भ्रमणले दुई छिमेकी देश बीचको दीर्घकालीन सम्बन्धमा नयाँ अध्याय थपेको छ। भ्रमणको अन्तिम दिन, प्रधानमन्त्री ऐतिहासिक शहर अनुराधापुरा जानुभयो, जहाँ श्रीलंकाका राष्ट्रपति श्री अनुरा कुमार

दिसानायकेसँग संयुक्त रूपमा महो-ओमानथाई रेलवे लाइनको उद्घाटन गर्नुभयो। दुई नेताहरूले महो-अनुराधापुरा खण्डमा नयाँ सिग्नलिङ र दूरसञ्चार प्रणाली परियोजनाको पनि शुभारम्भ गर्नुभयो। यो परियोजना भारतको सहयोगमा विकसित गरिएको हो।

दुवै नेताले अनुराधापुरास्थित पवित्र जय श्री महाबोधी मन्दिरमा प्रार्थना गर्नुभएको थियो।

पछि, श्री मोदी र श्री दिसानायके बीच द्विपक्षीय वार्ता सम्पन्न भयो। यस अवसरमा दुवै नेताले भारतीय माझीहरूको रिहाइको विषयमा छलफल गर्नुभयो। विदेश सचिव श्री विक्रम मिश्रीले यसपछि श्रीलंका सरकारले ११ भारतीय माझीलाई रिहा गरेको बताउनु भएको छ।

द्विपक्षीय वार्ताको क्रममा भारत र श्रीलंकाले ऊर्जा, आवास, डिजिटल पूर्वाधार र सांस्कृतिक आदानप्रदान जस्ता क्षेत्रमा सहयोगको घोषणा गरेका छन्। यसमा श्रीलंकाको ऊर्जा ग्रिडलाई बलियो बनाउने उद्देश्यले श्रीलंकामा सम्पुर पावर प्रोजेक्टको लागि भारतीय तर्फबाट एनटीपीसी र सिलोन विद्युत बोर्डको संयुक्त पहल समावेश छ। यसबाहेक, श्रीलंकामा विकास कार्यका लागि भारतबाट प्राप्त १० करोड अमेरिकी डलरको ऋणलाई अनुदानमा रूपान्तरण गर्ने र पूर्वी प्रान्तको लागि २ अरब ४० करोड श्रीलंकाली रुपियाँको प्याकेजको पनि घोषणा गरिएको थियो। यस अवसरमा, श्री मोदीले श्रीलंकाको अद्वितीय डिजिटल पहिचान परियोजनाको लागि भारतको समर्थनलाई पुन: पुष्टि गर्नुभयो र श्रीलंकाको तमिल समुदायको न्यायपूर्ण र सम्मानजनक जीवनको लागि भारतको समर्थनलाई दोहोर्‍याउनुभयो।

यसबाहेक, प्रधानमन्त्रीले भारतीय आवास परियोजना अन्तर्गत ग्रामीण क्षेत्रमा चाँडै दश हजार घरहरू निर्माण गरिने भारतको निरन्तर सहयोगको पनि उल्लेख गर्नुभयो।

राष्ट्रपति श्री दिसानायकेले प्रधानमन्त्री श्री मोदीलाई मित्रविभूषणले सम्मान गर्नुभयो । यो श्रीलंकाको सर्वोच्च नागरिक सम्मान मध्ये एक हो।

राष्ट्रपति पोर्तुगल यात्रा

राष्ट्रपति श्रीमती द्रौपदी मुर्मु आजदेखि पोर्तुगल र स्लोभाकियाको ४ दिवसीय राजकीय भ्रमणका लागि जानु हुँदैछ। पहिलो चरणमा उहाँ आज राति अबेर पोर्तुगलको लिस्बन पुग्नु हुनेछ। उहाँले पोर्तुगलका राष्ट्रपति श्री मार्सेलो रेबेलो डे सुसालाई भेट्ने र प्रतिनिधिमण्डलस्तरीय वार्ता गर्नु हुनेछ। राष्ट्रपतिले पोर्चुगलका प्रधानमन्त्री श्री लुइस मोन्टेनेग्रो र संसदका अध्यक्षसँग पनि भेट गर्नु हुनेछ। राष्ट्रपति श्रीमती द्रौपदी मुर्मुले स्लोभाकियाका राष्ट्रपति श्री पिटर पेलेग्रिनी र प्रधानमन्त्री श्री रोबर्ट फिकोसँग द्विपक्षीय भेटवार्ता गर्नुहुनेछ।

भाजपा स्थापना दिवस

भारतीय जनता पार्टीका राष्ट्रिय अध्यक्ष श्री जगत प्रकाश नड्डाले भन्नुभएको छ, भाजपाले सत्ताको लागि आफ्नो विचारधारामा कहिल्यै सम्झौता गरेको छैन। भाजपाको ४६ औं स्थापना दिवसको अवसरमा नयाँ दिल्लीस्थित पार्टी मुख्यालयमा कार्यकर्ताहरूलाई सम्बोधन गर्दै उहाँले पार्टीको विचारधारा भारतीय परम्परा र संस्कृतिसँग जोडिएको बताउनु भयो।

यस अवसरमा श्री नड्डाले जनसंघ र भाजपाका संस्थापक श्यामा प्रसाद मुखर्जी, पंडित दीनदयाल उपाध्याय, अटल बिहारी वाजपेयी, लालकृष्ण आडवाणी र जगन्नाथ राव जोशीलाई पनि सम्झनुभयो।

अमित शाह-इफ्को

केन्द्रीय गृह तथा सहकारी मन्त्री श्री अमित शाहले किसान उर्वरक सहकारी लिमिटेड - इफ्कोको अनुसन्धान र विकास कार्यका कारण नानो युरिया र नानो डीएपीले विश्वभरि भारतको छवि उच्च बनाएको बताउनु भएको छ। आज गान्धीनगरको कलोलमा इफ्कोको स्वर्ण जयन्ती समारोहलाई सम्बोधन गर्दै उहाँले आधुनिक प्रयोगशालाहरूमा गरिने परीक्षणको फाइदा फार्महरूमा पुऱ्याएर इफ्कोले प्रशंसनीय काम गरेको बताउनु भयो। यस अवसरमा श्री शाहले इफ्कोको बीउबिजन अनुसन्धान एकाइको पनि उद्घाटन गर्नुभयो।

म्यानमार - वर्षा

भूकम्प प्रभावित म्यानमारका केही भागहरूमा भारी वर्षा भएको छ, जसले गर्दा राहत कार्यमा बाधा पुगेको छ अनि रोग फैलिने जोखिम बढेको छ। २८ मार्चमा गएको विनाशकारी भूकम्पमा परी मृत्यु हुनेको संख्या ३ हजार ४७१ पुगेको छ, ४ हजार ६०० भन्दा धेरै घाइते भएका छन् भने २१४ जना बेपत्ता छन्।

रामनवमी

आज चैते दशैं एवम् रामनवमी पर्व हो। देशभरि आज धार्मिक उत्साह र हर्षोल्लासका साथ रामनवमी पालन गरिँदैछ। रामनवमी पर्व भगवान विष्णुको सातौं अवतार भगवान रामको आगमनको प्रतीक हो। रामनवमी चैत्र महिनाको शुक्लपक्षको नवमी तिथिमा मनाइन्छ।

रामनवमी अघि नौ दिन वासान्तिक नवरात्र अथवा चैत्र नवरात्रमा भगवति दुर्गाको पूजा अर्चना गरिने परम्परा रहेको छ।

राष्ट्रपति श्रीमती द्रौपदी मुर्मुले राम नवमीको अवसरमा मानिसहरूलाई शुभकामना दिनुभएको छ। राष्ट्रपतिले आफ्नो सन्देशमा भन्नुभएको छ, राम नवमीले हामीलाई धर्म, न्याय र कर्तव्य भावनाको सन्देश दिन्छ।

प्रधानमन्त्रीले राम नवमीको अवसरमा देशवासीलाई बधाई दिनुभएको छ। उहाँले भगवान श्री रामको आशीर्वाद हामी सबैमाथि रहोस् भन्ने कामना गर्नुभएको छ।

भगवान रामको जन्मभूमि अयोध्यासितै देशभरिका विभिन्न मठ-मन्दिरमा मानिसहरूले रामनवमी पर्व उत्साहका साथ मनाएका छन्।

आईपीएल क्रिकेट

आईपीएल टी-२० क्रिकेटमा, अहिले हैदराबादमा सनराइजर्स हैदराबाद र गुजरात टाइटन्सको भिडन्त शुरु भएको छ। गुजरात तीन खेलबाट दुई जीतका साथ अंक तालिकामा तेस्रो स्थानमा छ भने हैदराबाद चार खेलमा एउटा म्याच जितेर पुछारमा छ।

हिजो राति चण्डीगढमा भएको खेलमा राजस्थान रोयल्सले पञ्जाब किंग्सलाई पचास रनले पराजित गरेको थियो। यसअघि दिल्ली क्यापिटल्सले चेन्नई सुपर किंग्सलाई पच्चीस रनले पराजित गरेको थियो। यो जितसँगै दिल्ली क्यापिटल्स अंक तालिकाको शीर्ष स्थानमा उक्लिएको छ।

मुख्य समाचार फेरि एकपल्ट

- विगत दश वर्षमा सरकारले देशको पूर्वाधारलाई सुदृढ पार्न समर्पित प्रयास गरेको प्रधानमन्त्रीले बताउनुभयो
- ऊर्जा, आवास, डिजिटल पूर्वाधार र सांस्कृतिक आदानप्रदानका क्षेत्रमा भारत र श्रीलंकाले गरे सहयोगको घोषणा
- राष्ट्रपति श्रीमती द्रौपदी मुर्मु पोर्तुगल र स्लोभाकियाको भ्रमणमा
- देशभरि आज धार्मिक उत्साह र हर्षोल्लासका साथ रामनवमी पालन, अनि
- आईपीएलमा अहिले हैदराबाद र गुजरातको भिडन्त हुँदै